निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय,इलाम
## District Election Office, Ilam

पत्र संख्या २०७८/०७९
चलानी नं. ९५

मिति:- २०७८/११/०६

फोन/फ्याक्स नं.- ०२७-५२०५११
E-mail- deo.illam@election.gov.np

**बिषय —मतदाता परिचय-पत्र सम्बन्धी सूचना पठाइएको ।**

श्री १०(दश) वटै स्थानीय तहहरु, इलाम

श्री ८१ वटै वडा कार्यालयहरु

इलाम ।

प्रस्तुत विषयमा निर्वाचन आयोगबाट यसपूर्व वितरण भएको मतदाता परिचय पत्र हराएको वा नष्ट भएको वा विभिन्न कारणले प्रयोग हुन नसक्ने अवस्थामा रहेका सरोकारवाला स्यंयमले आफनो वडा कार्यालयको सिफारिस सहित यसैसाथ संलग्न ढाँचा अनुसारको निवेदन समेत संलग्न राखी मिति २०७८/११/२० गते सम्ममा जिल्ला निर्वाचन कार्यालय इलाममा पठाई दिने व्यवस्था हुन अनुरोध छ ।

देवीचरण फूएँल
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

मिति २०७८/ /

श्री जिल्ला निर्वाचन अधिकारीज्यू
जिल्ला निर्वाचन कार्यालय, इलाम

विषय- मतदाता परिचयपत्र हराएको/नष्ट भएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा २०७४ सालको निर्वचनमा निर्वाचन आयोगबाट वितरण भएको मेरो निम्न विवरण भएको मतदाता परिचयपत्र हराएको/नष्ट भएको /काम नलग्ने अवस्थामा रहेको हुँदा उक्त परिचयपत्र नयाँ बनाउनका लागि मेरो मतदाता नामावली कायम रहेको वडा कार्यालयको सिफारिस समेत यसैसाथ संगल्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

निम्न

| सि. नं. | मतदाताको नाम | मतदाता नम्बर | स्थायी ठेगाना | ना.प्र.प.नं. | जन्म मिति | बुबा/आमाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संलग्न आवश्यक कागजातहरु

१. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२. सम्बन्धित वडा कार्यालयको सिफारिस

३. बसाइसराइ प्रमाणपत्रको प्रतिलिपि

४. विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि

निवेदकको

नाम-

दस्तखत-

सम्पर्क नम्बर

नोट- नयाँ परिचय पत्रका लागि निवेदन आवश्यक नपर्ने

- २०७४ साल भदौ ५ गतेपछि नयाँ नाम दर्ता गरेका
- २०७४ साल भदौ ५ गतेपछि सार्न र सच्याउन (अद्यावधिक गर्न) निवेदन दिएका
- जन्म मिति २०५६/०५/०६ गते भन्दा यता जन्ममिति भएका मतदाताहरु (२०७४ सालको निर्वाचनमा १८ बर्ष उमेर पूरा नभएका)

निर्वाचन आयोग, नेपाल

## प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, इलाम

## मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७८ देहायका क्रियाकलाप सहित सञ्चालनहुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १. | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७८/११/१९ | २०७८/११/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २. | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम अधिकारीको कार्यालयमा निवेदन दिने | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता वा निजको परिवारको सदस्य |
| ३. | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने । | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४. | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५. | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७८/११/२० | २०७८/११/२३ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६. | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७८/११/२० | २०७८/११/२३ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| ७. | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७८/११/२० | २०७८/११/२४ | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८. | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानविन गरी प्रमुख नामं दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७८/११/२० | २०७८/११/२४ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९. | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७८/११/२३ | २०७८/११/२४ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १०. | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७८/११/२४ | २०७८/११/२५ | | | प्रमुख नाम दर्ता अधिकारी |
| ११. | क्र.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने । | २०७८/११/२५ | २०७८/११/२५ | | | प्रमुख नाम दर्ता अधिकारी |
| १२. | क्र.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क्र.सं. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७८/११/२५ | २०७८/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ (३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३. | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्ला अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७८/११/२६ | २०७८/११/२६ | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय, इलाम

## District Election Office, Ilam

पत्र संख्या - २०७८/०७९
चलानी नं. ९६

मितिः- २०७८/११/०८

फोन /फ्याक्स नं.- ०२७-५२०५११
E-mail- deo.illam@election.gov.np

विषयः- मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७८ सम्वन्धी कार्यतालिका पठाइएको सम्वन्धमा ।

श्री १०(दश) वटै स्थानीयतहहरु, इलाम।

प्रस्तुत विषयमा निर्वाचन आयोग (मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा) को चलानी नम्वर २०७८/०७९/१०५ मिति २०७८/१०/२८ गतेको पत्रसाथ प्राप्त मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७८ यसै साथ संलग्न अनुसूचीमा उललेख भए बमोजिमका क्रियाकलापसहित मिति २०७८/११/१९ देखि मिति २०७८/११/२६ सम्म जिल्ला निर्वाचन कार्यालयमा सञ्चालन हुने यसै साथ संलग्न अनुसुचि २ बमोजिमका क्रियाकलापहरुमा तपसिल अनुसारका कार्यमा आवश्यक समन्वय तथा सहजिकरणका लागि अनुरोध छ ।

तपसिल

१.१० वटा स्थानीय तहहरु - जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त मतदाता नामावली र कार्यक्रम सम्बन्धी सूचना आफ्नो मातहतका सवै वडा सचिव मार्फत वडा कार्यालयहरुमा पठाई सूचना प्रकाशन र नामावली प्रकाशन गर्ने व्यवस्था हुन ।
२.अनुसूचिमा उल्लेख भए अनुसारका कार्यहरु गर्नका लागि वडा सचिव ज्यूहरुलाई आवश्याक निर्देशन हुन ।
३.वडा सचिव ज्यूहरुले अनुसूचिमा उल्लेखित क्रियाकलापहरु सञ्चालनमा सहयोग गरी दिन हुन ।
४.मतदाता नामावली अद्यावधिक कार्यक्रम अनुसार कुनै व्यक्तिले केही निवेदन दिनु पर्ने भएमा निर्वाचन कार्यालयमा निवेदन दिन सूचित गर्ने व्यवस्था हुन ।
५.मतदाता नामावलीमा नाम भएका व्यक्तिहरु मध्ये तहाँ स्थानीय तहबाट बसाई सरी वा विवाह भई अन्यत्र गएका वा मृत्यु भएका व्यक्तिहरुको विवरण २०७८/११/२२ गते भित्र जिल्ला निर्वाचन कार्यालय इलामको Email-deo.illam@election.gov.np ठेगना पठाई दिने व्यवस्था हुन ।

देवी चरण फूँएल
जिल्ला निर्वाचन अधिकारी

[illegible]चन अधिकारी